नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-

पत्र संख्या :- २०७६/०७७

चलानी नं. :- ३८४८

मिति : २०७६।१२।०९

विषय :- जनशक्ति व्यवस्थापन सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, बिराटनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २, धनुषा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ (कोरोना भाईरस) रोगको कारण नेपालले समेत विशेष तयारी तथा उपचार प्रक्रियालाई थप प्रभावकारी बनाउन त्यस प्रदेश अन्तर्गत कार्यरत मेडिकल अधिकृत (MBBS वा सो सरह शैक्षिक योग्यता भएका), वरिष्ठ चिकित्सकहरु (MD/MS शैक्षिक योग्यता भएका), मेडिकल कलेजहरुमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययनरत MD/MS का विद्यार्थीहरु तथा MBBS का विद्यार्थीहरुलाई यस रोगको रोकथाम तथा नियन्त्रणमा सहयोगको लागि निम्नानुसारको आधारमा परिचालन गर्नुहुन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७६।१२।०९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसिल

१. त्यस प्रदेश अन्तर्गत संलग्न सूची अनुसार नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरी अध्ययन पश्चात कार्यरत मेडिकल अधिकृतहरु (MBBS वा सो सरह शैक्षिक योग्यता भएका) खटाएको निकायमा न्यूनतम सेवा प्रवाह नरोकिने गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा आवश्यकता अनुसार तहाँबाट परिचालन गर्नुहुन ।

२. त्यस प्रदेश अन्तर्गत संलग्न सूची अनुसार नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरी अध्ययन पश्चात कार्यरत वरिष्ठ चिकित्सकहरु (MD/MS शैक्षिक योग्यता भएका) खटाएको निकायमा न्यूनतम सेवा प्रवाह नरोकिने गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा आवश्यकता अनुसार तहाँबाट परिचालन गर्नुहुन ।

३. त्यस प्रदेश अन्तर्गत संचालनमा रहेका मेडिकल कलेजहरुमा नेपाल सरकारको छात्रवृत्तिमा MD/MS मा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई सम्बन्धित मेडिकल कलेजसँग आवश्यक समन्वय गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा आवश्यकता अनुसार तहाँबाट परिचालन गर्नुहुन ।

४. त्यस प्रदेश अन्तर्गत संचालनमा रहेका मेडिकल कलेजहरुमा नेपाल सरकारको छात्रवृत्तिमा MBBS मा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई सम्बन्धित मेडिकल कलेजसँग आवश्यक समन्वय गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रण कार्यमा सहयोगीको रुपमा परिचालन गर्नुहुन ।

२०७६।१२।१५

(प्रमोद सिंखडा)
उप-सचिव

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति, योजना तथा अनुगमन महाशाखा ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई ।
श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री प्राइभेट मेडिकल एण्ड डेण्टल कलेज एशोसियसन अफ नेपाल, काठमाडौं ।

Scanned by TapScanner